स्थानीय सरकार

# वीरगञ्ज राजपत्र

वीरगंज महानगरपालिका

नगर सभा बाट पारित मिति : २०७८/०९/१५

# वीरगंज महानगरपालिका सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७८

वीरगंज महानगरपालिका

आदर्शनगर, वीरगंज, पर्सा

प्रदेश नं.२

स्थानीय सरकार

# वीरगञ्ज राजपत्र

## वीरगंज महानगरपालिका

नगर सभा बाट पारित मिति : २०७८/०९/१५

# वीरगंज महानगरपालिका सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७८

**प्रस्तावना :** वीरगंज महानगरपालिका क्षेत्रभित्र पूर्वाधार संरचना तथा सेवा क्षेत्रमा स्वदेशी वा विदेशी निजी क्षेत्र समेतको लगानीको माध्यमबाट नवीन प्रविधि, गुणस्तरीय सेवा, व्यवस्थापकीय कुशलता एवं लगानीमैत्री वातावरण निर्माण गर्दै वीरगंजमहानगरपालिकाको आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउन, सार्वजनिक निजी साझेदारीमा निर्माण तथा व्यवस्थापन र संञ्चालन हुने परियोजनाहरुलाई व्यवस्थित गर्न तथा लगानीसम्बन्धी कानुनी व्यवस्थालाई स्पष्ट गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम वीरगंजमहानगरपालिका नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "वीरगंज महानगरपालिका सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा ३ बमोजिम सार्वजनिक निजी साझेदारीमा र दफा २२ बमोजिम निजी लगानीमा परियोजना कार्यान्वयन गर्न प्रदान गरिएको अनुमतिपत्र वा इजाजतपत्रलाई सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र वा इजाजतपत्र प्राप्त फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनु पर्छ ।

(ग) "उपभोक्ता" भन्नाले यस ऐनबमोजिम सार्वजनिक निजी साझेदारी तथा निजी लगानीमा निर्माण भएको पूर्वाधार संरचनाबाट सेवा, सुविधा उपभोग वा उपयोग गर्ने व्यक्ति वा निकायलाई सम्झनु पर्छ ।

(घ) "उपप्रमुख" भन्नाले वीरगंज महानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "एकाइ" भन्नाले वीरगंज महानगरपालिकाको सार्वजनिक निजी साझेदारी एकाइलाई सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले वीरगंज महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिएबमोजिमको सम्झनु पर्छ ।

(ञ) “नगर सभा” भन्नाले वीरगंज महानगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(झ) “निजी लगानी” भन्नाले दफा २२ बमोजिम गरिने लगानीलाई सम्झनु पर्छ ।

(ञ) “निर्माण” भन्नाले यस ऐनबमोजिम पूर्वाधार संरचनाको विकास, निर्माण वा पुनःस्थापनाको कार्यलाई सम्झनु पर्छ ।

(ट) “परियोजना” भन्नाले यस ऐनबमोजिम सार्वजनिक निजी साझेदारीमा लगानी गरी कार्यान्वयन गरिने पूर्वाधार संरचनासम्बन्धी परियोजनालाई सम्झनु पर्छ र सो शब्दले निजी लगानीमा कार्यान्वयन गरिने परियोजनालाई समेत जनाउँछ ।

(ठ) “पुनःस्थापना” भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निर्माण गरी पुनःस्थापना गर्ने काम सम्झनु पर्छ ।

(ड) “पूर्वाधार संरचना” भन्नाले सडक, फ्लाईओभर, सब वे, पुल, अस्पताल, मोनो रेल, मेट्रोरेल, स्काईरेल, रेल्वे, ट्रलीबस, ट्रामवे, बस र्‍यापिड ट्रान्जिट, जलमार्ग, परिवहन बिसौनीस्थल, सुख्खा बन्दरगाह, विमानस्थल, प्रदर्शनीस्थल, पार्क, सञ्चार तथा सूचना प्रविधि, वित्तीय बजार पूर्वाधार, विशेष आर्थिक तथा औद्योगिक क्षेत्र, कृषि क्षेत्र, शिक्षा क्षेत्र, होटल वा पर्यटन क्षेत्र, सवारी पार्किङ्ग, जलासय, बाँध, ढल निकास, फोहरमैला प्रशोधन तथा व्यवस्थापन, ऊर्जा उत्पादन, प्रसारण तथा वितरण, रङ्गशाला, मनोरञ्जन पार्क, सार्वजनिक सभागृह, बहुउद्देश्यीय भवन (मेघा हल) वा सार्वजनिक गोदामघर, विविध सहरी पूर्वाधार, शीतभण्डार सम्बन्धित पूर्वाधार निर्माण सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(ढ) “प्रमुख” भन्नाले वीरगंज महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ण) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले वीरगंज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(त) “प्रस्तावक” भन्नाले यस ऐनबमोजिम प्रस्ताव पेस गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(थ) “बोर्ड” भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिमको लगानी बोर्डलाई सम्झनु पर्छ ।

(द) “मनसायपत्र” भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा ८ बमाजिम माग गरिएको मनसायपत्रलाई सम्झनु पर्छ ।

(ध) “महसुल” भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराएबापत उपभोक्तासँग लिने सेवा शुल्कलाई सम्झनु पर्छ ।

(न) “गैर नाफामूलक सार्वजनिक संघ सस्था” भन्नाले कुनै नाफाको उद्देश्य नलिई संचालन हुने तथा मुनाफा वितरण नगर्ने सार्वजनिक तथा सामाजिक हितका लागि स्थापित संस्थालाई बुझाउदछ ।

(प) “लगानी” भन्नाले यस ऐनबमोजिम ऋण वा स्वपुँजी वा पुनःलगानी वा यस्तै प्रकारका वित्तीय उपकरणमार्फत परियोजनामा गरिने पुँजी प्रवाहलाई सम्झनु पर्छ ।

(फ) “लगानीकर्ता” भन्नाले यस ऐनबमोजिम परियोजनामा लगानी गरेको वा लगानी गर्न ईच्छा व्यक्त गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले परियोजनाको अध्ययन, विकास निर्माण वा सञ्चालन गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ ।

(ब) “सङ्घीय कानुन” भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ र यस सम्वद्ध अन्य सङ्घीय कानुनलाई समेत जनाउँछ ।

(भ) “सम्झौता” भन्नाले वीरगंजमहानगरपालिका र लगानीकर्ताबीच

भएको परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता वा सुविधा सम्झौता (कन्सेसन एग्रिमेन्ट) वा यस्तै प्रकारका सम्झौतालाई सम्झनु पर्छ ।

(म) "समिति" भन्नाले दफा १६ बमोजिमको सार्वजनिक निजी साझेदारी व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(य) "सर्वेक्षण" भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषणसम्बन्धी कार्यलाई सम्झनु पर्छ ।

(र) "सार्वजनिक निजी साझेदारी" भन्नाले महानगरपालिका र लगानीकर्ताबीच स्रोत वा प्रतिफल बाँडफाँट तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुनःस्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न दफा ३ को उपदफा (२) मा उल्लेख भए मध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्धलाई सम्झनु पर्छ ।

## परिच्छेद–२
## सार्वजनिक निजी साझेदारीसम्बन्धी व्यवस्था

३. **सार्वजनिक निजी साझेदारी लगानीबाट परियोजना कार्यान्वयन गर्न सकिने :**

(१) महानगरपालिकाले पूर्वाधार संरचना तथा सेवा क्षेत्रका कुनै परियोजना सार्वजनिक निजी साझदारी लगानीबाट यस ऐन तथा प्रचलित कानुनको अधिनमा रही व्यवस्थापन र सञ्चालन गर्न सक्ने छ । तर वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट हुने काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने परियोजना सार्वजनिक निजी साझदारी लगानीबाट कार्यान्वयन गरिने छैन ।

(२) वीरगंज महानगर क्षेत्रभित्रको सार्वजनिक महत्वको कुनै परियोजनालाई संरक्षण र प्रयोग गर्नकालागि त्यसबाट प्राप्त मुनाफा अन्यत्र लैजान उपयूक्त नभएको भनि नगर सभाले निर्णय गरेमा त्यस्ता परियोजनाको कार्यान्वयनकालागि सञ्चालित परियोजना बाट प्राप्त आम्दानी र मुनाफा समेत सोही परियोजनाको सुदृढीकरण र विकासमा लगानि गर्ने सर्त राखि गैर नाफामूलक एवम् मुनाफा वितरण नर्गने सार्वजनिक संघ सस्थाहरुमात्र सहभागि हुनेगरि आसयको सुचना जारि गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सार्वजनिक निजी साझेदारीबाट परियोजना कार्यान्वयन गर्दा देहायको कुनै तरिका अपनाउन सकिने छ :-

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) व्यवस्थापन, सञ्चालन तथा हस्तान्तरण

(झ) पुनःस्थापना, सञ्चालन तथा हस्तान्तरण

(ञ) अन्य यस्तै तरिकाबाट ।

४. **प्राथमिकता निर्धारण:** सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन गरिने परियोजनाको प्राथमिकताका क्षेत्र समितिले निर्धारण गरेबमोजिम हुने छ ।

५. **परियोजना पहिचान:** (१) समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी सूची तयार गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा परियोजनाको सर्भेक्षण लगायतको अध्ययन भए वा नभएको तथा तोकिएबमोजिमका अन्य विवरण समेतका आधारमा प्राथमिकता निर्धारण गर्नुपर्ने छ ।

(३) यस दफाबमोजिम परियोजना पहिचान गरी सूची निर्धारण गर्दा प्राविधिक तथा वित्तीय विषयहरुमा बोर्डसँग परामर्श लिन सकिने छ ।

६. **परियोजना स्वीकृत गराउनुपर्नेः** (१) दफा ५ बमोजिम पहिचान गरी सूचीकृत गरिएका परियोजनाहरु कार्यान्वयन गर्ने सम्बन्धमा कार्यपालिकाबाट स्वीकृत गराउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा दफा ३ को उपदफा (२) मा उल्लिखित तरिकामध्ये कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सोको व्यहोरा उल्लेख गर्नुपर्ने छ ।

(३) महानगरपालिकाअन्तर्गत एकै प्रकृतिका एकभन्दा बढी परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न यस दफाबमोजिम परियोजना स्वीकृत गराउँदा त्यस्तो परियोजनाका पुनःप्राथमिकीकरण गर्नु पर्ने छ ।

७. **परियोजनाको सूची प्रकाशन गर्ने** : दफा ६ बमोजिम परियोजना स्वीकृत भएपछि महानगरपालिकाले परियोजनाको सूची  प्रकाशन गर्नुपर्ने छ ।

८. **आशयपत्र आह्वान गर्ने** : (१) दफा ७ बमोजिम स्वीकृत परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयनका लागि महानगरपालिकाले सार्वजनिकरुपमा कम्तीमा १५ दिनको सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछ :-

(क) आशयपत्र पेस गर्ने कार्यालय,

(ख) आशयपत्र पेस गर्ने अवधि,

(ग) आशयपत्रमा खुलाउनुपर्ने विवरण,

(घ) आशयपत्रसाथ संलग्न गर्नुपर्ने कागजातहरु

(ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,

(च) तोकिएबमोजिमका अन्य विवरण ।

९. **आशयपत्र पेस गर्ने** : परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिएबमोजिमका सर्तका अधिनमा रही दफा ८ बमोजिमको सूचनामा उल्लेखित अवधिभित्र तोकिएको कार्यालयमा आशयपत्र पेस गर्नुपर्ने छ ।

**संक्षिप्त सूची तयार गर्ने** : दफा ९ बमोजिम आशयपत्र प्राप्त भएपश्चात विषय विशेषज्ञ सम्मिलित मूल्याङ्कन समितिले तोकिएबमोजिमको आधारमा मूल्याङ्कन गरी तोकिएका प्रक्रियाबमोजिम प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नुपर्ने छ ।

११. **प्रस्ताव आह्वान गर्ने** : (१) दफा १० बमोजिम संक्षिप्त सूची तयार गरेपछि महानगरपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी सो सूचीमा परेका प्रस्तावकहरुसँग तोकिएबमोजिमका विषयहरु खुलाइ कम्तीमा ३० दिनको समय दिई प्रस्ताव आर्ह्वान गर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्न चाहने प्रस्तावकले तोकिएबमोजिमका विवरणहरु खुलाई सूचनामा उल्लिखित अवधिभित्र महानगरपालिकामा प्रस्ताव पेस गर्नुपर्ने छ ।

१२. **प्रस्ताव छनौट गर्ने** (१) दफा ११ को उपदफा (२) बमोजिम प्रस्ताव प्राप्त भएपछि महानगरपालिकाले तोकिएको मूल्याङकन समिति गठन गरी तोकिएको अवधिभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्ने छ :-

(क) तोकिएको समयमै निर्माण सम्पन्न गर्ने आधारसहितको प्राविधिक प्रस्ताव,

(ख) महानगरपालिकालाई बुझाउनुपर्ने रोयल्टी रकम भए प्रस्तावित रोयल्टी रकम,

(ग) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित महसुल लगायतका विषय उल्लिखित आर्थिक प्रस्ताव ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौटसम्बन्धी आधारका अतिरिक्त वातावरण व्यवस्थापन तथा अन्य विवरणहरु समेत आवश्यकतानुसार महानगरपालिकाले सूचनामा उल्लेख गरेको हुनुपर्ने छ ।

(३) प्रस्ताव छनौट गरेपछि महानगरपालिकाले ७ दिनभित्र प्रस्ताव स्वीकृत गर्ने आसयको सुचना प्रस्तावकलाई दिनुपर्ने छ । त्यसरी छनोट भएको प्रस्तावको प्रस्तावदाताको नाम, ठेगाना, रकम र अन्य कुराको जानकारी अन्य प्रस्तावकलाई पनि दिनु पर्नेछ ।

(४) उपदफा (४) बमोजिमको सूचना दिएको सात ७ दिनको अबधि भित्र कुनै प्रस्तावकले प्रष्ठ आधार र कारण सहित प्रस्ताव छनोटको

निर्णय पुनरावलोकन सम्बन्धि निवेदन नगरेमा उपदफा (१) बमोजिम छनोट गरिएको प्रस्ताव स्वीकृतिकालागि योग्य मानिनेछ ।

(४) यस दफाबमोजिमको प्रस्ताव छनौटसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

१३. **आव्हान नगरिएको प्रस्ताव :** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावक स्वयम्ले सार्वजनिक निजी साझेदारीको माध्यमबाट परियोजना कार्यान्वयन गर्नको लागि महानगरपालिकासमक्ष तोकिएबमोजिमको आधार, दस्तुर र ढाँचामा प्रस्ताव पेस गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेस गर्दा देहायका विषयहरु उल्लेख गर्नु पर्नेछ :-

(क) परियोजनाको विवरण,

(ख) प्रस्तावकको प्राविधिक तथा वित्तीय क्षमतासहितका विवरण (प्रोफाइल),

(ग) परियोजनाको प्रारम्भिक संभाव्यता अध्ययन प्रतिवेदन भए त्यस्तो प्रतिवेदन,

(घ) प्रस्तावित व्यवसायिक योजना,

(ङ) परियोजनामा प्रयोग हुने प्रविधि,

(च) परियोजनाबाट प्राप्त हुने संभावित लाभको विवरण ।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव दफा १२ को उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिको सिफारिसको आधारमा सो परियोजनाको अध्ययन तथा सर्भेक्षण अनुमति वा परियोजना विकास वा सञ्चालनको लागि तोकिएको प्रक्रिया पूरा गरी तोकिएबमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्न सकिने छ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको परियोजना प्रस्तावलाई मूल्याङ्कन गर्दा सार्वजनिक निजी साझेदारीमा निर्माण हुने परियोजना प्रतिस्पर्धाको आधारमा अगाडि बढाउँदा लाभदायी हुने देखिएमा सोही प्रस्तावलाई 'स्वीस च्यालेन्ज' का आधारमा महानगरपालिकाले तोकेको प्रक्रियाबमोजिम प्रतिस्पर्धा गराउन सक्ने छ ।

**<u>स्पष्टीकरण:</u>** स्विस च्यालेन्ज भन्नाले महानगरपालिकाले कुनै सेवा क्षेत्र वा सडक, रेल जस्ता सार्वजनिक परियोजनाका लागि आह्वान नगरिएको प्रस्ताव प्राप्त गरेको अवस्थामा उक्त प्रस्तावभन्दा राम्रो प्रस्ताव प्राप्त हुनसक्ने अभिप्रायले उपयुक्त प्रस्ताव चयन गर्न प्राप्त प्रस्तावलाई कुनै पनि विधि वा प्रक्रियाबाट तेस्रो पक्षलाई समेत आह्वान गरी वा सार्वजनिक गरी मूल्याङकन् गरिने विधि सम्झनु पर्छ ।

(५) उपदफा (१) बमोजिमको प्रस्तावउपर वार्ता गर्दा प्रस्तावकबाहेक अन्य कुनै प्रस्तावकको प्रस्ताव स्वीकृत भएमा स्वीकृत भएको प्रस्तावकर्ताबाट उपदफा (१) बमोजिमको प्रस्तावकलाई तोकिएबमोजिमको परियोजना विकासको क्रममा भएको प्रारम्भिक खर्च र अध्ययन तथा विकासको क्रममा सम्बन्धित निकायको कुनै खर्च भएको अवस्थामा सो समेत सोधभर्ना तोकिएबमोजिम उपलब्ध गराउन सकिने छ ।

१४. **<u>वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने:</u>** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तिमा दुई पटक आशयपत्र वा प्रस्ताव आहवान गर्दा पनि छनौट हुन नसकेको अवस्थामा त्यस्तो परियोजना महानगरपालिकाले सोझै वार्ताद्वारा कार्यान्वयन गराउन सक्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिब हुने देखिएमा त्यस्तो परियोजना महानगरपालिकाले तोकिएबमोजिमको प्रक्रिया पूरा गरी वार्ताद्वारा कार्यान्वयन गराउन सक्ने छ :-

(क) परियोजनाको प्रकृति वा लागतको कारण आर्थिक तथा प्राविधिक रुपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको परियोजना,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको परियोजना,

(ग) विशेष प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी छनौट गरिएको परियोजना,

(घ) ‘स्वीस च्यालेन्ज’ लाई आधार मानी प्रतिस्पर्धा गराउँदा समेत असफल भएको परियोजना ।

(३) उपदफा (१) बमोजिमको कुनै परियोजना वार्ताद्वारा

कार्यान्वयन गर्न चाहने प्रस्तावकले तोकिएका विषयहरु खुलाई महानगरपालिकासमक्ष प्रस्ताव पेस गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावलाई तोकिएबमोजिम विस्तृत मूल्याङ्कन गरी कार्यपालिकाले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न स्वीकृति दिन सक्ने छ ।

१५. **वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने** : (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न चाहने व्यक्तिले सोको अनुमतिको लागि महानगरपालिकासमक्ष निवेदन दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्ने अनुमति दिन मनासिब देखिएमा समितिले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्ने छ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा/गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने/ गराउने व्यक्ति स्वयम्ले व्यहोर्नुपर्ने छ ।

(४) यस दफाबमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयन गर्नको लागि प्रतिस्पर्धा गराइएको अवस्थामा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने/गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा/गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नुपर्ने छ ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकमको निर्धारण स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गराइने छ ।

(६) यस दफाबमोजिम परियोजनाका सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनका आधारमा त्यस्तो परियोजना यस ऐनबमोजिम कार्यान्वयन गरिने छ ।

१६. **अनुमतिपत्र दिनुपर्ने** : (१) दफा १२, १३ र १४ बमोजिम प्रस्ताव छनौट वा स्वीकृति प्रदान गरेपछि समितिले प्रस्तावकलाई तोकिएबमोजिमको सर्तहरु

तथा ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन-अनुमति दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको समझदारी गर्दा समयभित्र नै कार्य सम्पन्न गर्ने प्रयोजनका लागि तोकिएबमोजिमको परफर्मेन्स बण्ड लिनुपर्ने छ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम समितिबाट परियोजना स्वीकृत भई उपदफा (१) बमोजिम अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गरेको अवस्थामा प्रचलित कानुनको रीत पुऱ्याई जारी भएको मानिने छ।

## परिच्छेद-३
## सार्वजनिक निजी साझेदारी व्यवस्थापन समितिसम्बन्धी व्यवस्था

**१७. सार्वजनिक निजी साझेदारी व्यवस्थापन समितिको गठन :** (१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानीसँग सम्बन्धित समग्र व्यवस्थापन गर्न एक अधिकारसम्पन्न सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति रहने छ।

(२) समितिको गठन देहायबमोजिम हुनेछ :-

(क) प्रमुख — अध्यक्ष
(ख) उपप्रमुख — सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
(घ) शहरी पूर्वाधार महाशाखा प्रमुख — सदस्य
(ङ) सम्बन्धित वडाका वडा अध्यक्ष — सदस्य
(च) प्रमुखले तोकेको निजी क्षेत्रको विज्ञ एक जना सदस्य
(छ) प्रमुखले तोकेको विशेषज्ञ/प्राविधिक (सार्वजनिक निजी साझेदारी बारे अनुभव/ज्ञान हासिल गरेको विज्ञ) एक जना — सदस्य
(ज) महानगरपालिकाको परियोजनासँग सम्बन्धित महाशाखा प्रमुख — सदस्य
(झ) महानगरपालिकाको सार्वजनिक निजी साझेदारी एकाइ प्रमुख — सदस्य सचिव

(३) समितिले सम्बन्धित विषयमा अनभु व भएको तथा विशषज्ञता हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

**१८. <u>समितिको बैठक र निर्णय</u> :** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकका अध्यक्षता समितिका अध्यक्षले गर्ने छन् ।

(३) समितिको बैठकमा बहुमतका राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षले निर्णायक मत दिने छन् ।

(४) समितिको बैठक एक आर्थिक वर्षमा कम्तिमा ६ पटक बस्नेछ र दुई बैठकको बीचको अवधि २ महिनाभन्दा बढी नहुने गरी बस्नुपर्ने छ ।

(५) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुने छ ।

(६) समितिको निर्णय अध्यक्षले प्रमाणीकरण गर्ने छन् र उक्त निर्णयपुस्तिका सदस्य-सचिवको जिम्मामा रहने छ ।

**१९. <u>समितिको काम, कर्तव्य र अधिकार</u> :** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :-

(क) महानगरपालिका क्षेत्रभित्रका सम्भाव्य परियोजनाहरुको विवरण सङ्कलन गरी त्यस्ता परियोजनाहरुको अध्ययन एवं परियोजनाको सूची तयार गर्ने/गराउने,

(ख) सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रबाट कार्यान्वयन हुने परियोजनाहरु मध्ये प्रतिस्पर्धात्मक वा विशेष प्राथमिकताका परियोजनाको छनौट गर्ने/गराउने,

(ग) प्रतिस्पर्धात्मक रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धाको सुनिश्चितता हुने गरी प्राविधिक, वित्तीय क्षमता तथा समयमै

परियोजना सम्पन्न गर्ने आधार मूल्याङ्कन् गरी त्यस्ता परियोजनाहरुको पूर्व-योग्यताको सूची तयार, प्रस्ताव आह्वान, प्रस्तावको मूल्याङ्कन, परियोजना स्वीकृति, लगानी स्वीकृति तथा अध्ययन अनुमति, इजाजत वा अन्य यस्तै प्रकारका स्वीकृति प्रदान गर्ने तथा आवश्यकतानुसार त्यस्ता परियोजनाका प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने/गराउने,

(घ) विशेष प्राथमिकताका परियोजनाहरुको रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको वार्तामार्फत परियोजना विकास, निर्माण तथा सञ्चालन गर्ने गरी सम्झौता गर्ने/गराउने,

(ङ) आह्वान नगरिएका समितिमा सोझै प्राप्त हुन आएका प्रस्तावहरुको आवश्यकतानुसार अध्ययन/छलफल गरी उपयुक्त प्रस्तावलाई सर्वेक्षण अनुमतिपत्र दिने र त्यस्ता प्रस्तावमा उल्लिखित परियोजनाको लागि प्रचलित कानुनबमोजिम आवश्यक पर्ने अनुमतिपत्र, इजाजतपत्र, लगानी स्वीकृति तथा सहमति प्रदान गर्ने वा प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने/गराउने,

(च) स्वीकृत परियोजनाको अध्ययन गरी सम्झौताबमोजिम निर्माण, कार्यान्वयन वा सञ्चालन भए वा नभएको अनुगमन गर्ने/गराउने,

(छ) पूर्वाधार निर्माण तथा परियोजना विकास लगायत लगानीका क्षेत्रमा सम्मिश्रित वित्तसम्बन्धी कार्य गर्ने,

(ज) आर्थिक वा गैरआर्थिक सुविधा उपलब्ध गराउनुपर्ने भएमा आवश्यक निर्णय प्रक्रियाका लागि कार्यपालिकामा पेस गर्ने,

(झ) स्वीकृत परियाजनाको वातावरणीय अध्ययनका लागि वन तथा वातावरणसम्बन्धी अनुमति लिनुपर्ने भएमा तोकिएबमोजिमको प्रक्रिया अनुरुप अनुमति दिन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ञ) परियोजना विकास, लगानी प्रवर्धन तथा परियोजना कार्यान्वयनका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, अन्य स्थानीय सरकार एवम् सरकारी तथा निजी क्षेत्रबीच समन्वय गर्ने,

(ट) स्वीकृत परियोजनाहरूको कार्यान्वयनका लागि शीघ्र निर्णय र समस्याको छिटोछरितो सेवा प्रदान गर्ने,

(ठ) सम्झौताबमोजिम वित्तीय व्यवस्थापन भइसकेपछि त्यस्तो सम्झौताबमोजिम परियोजना कार्यान्वयनको अनुगमन गर्ने/गराउने,

(ड) लगानीकतालाई अनुमति वा इजाजत प्रदान गरेबापत वा परियोजना विकास गर्न पुऱ्याएको सेवा तथा सहजीकरणबापत तोकिएको शुल्क, दस्तुर सङकलन गर्न आवश्यक समन्वय गर्ने,

(ढ) सार्वजनिक निजी साझेदारी तथा निजी लगानी प्रवर्धनसम्बन्धी तोकिएबमोजिमका अन्य कार्य गर्ने/गराउने ।

२०. **निर्देशन दिन सक्ने** : समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित लगानीकर्तालाई समय समयमा आवश्यक निर्देशन दिन सक्ने छ ।

२१. **विशेषज्ञ कार्यदल** : (१) परियोजना लगानीको कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी सुझाव दिन समितिले कार्यादेशसहित कार्यावधि तोकी सम्बन्धित क्षेत्रका विशेषज्ञ रहेको एक विशेषज्ञ कार्यदल गठन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिमका सदस्य तथा पदाधिकारीहरुको सुविधा समितिले तोकेबमोजिम हुने छ ।

## परिच्छेद-४
## सार्वजनिक निजी साझेदारी एकाइसम्बन्धी व्यवस्था

२२. **सार्वजनिक निजी साझेदारी एकाइ गठन हुने :** (१) महानगरपालिकामा सार्वजनिक निजी साझेदारी अवधारणाअन्तर्गत कार्यान्वयन हुने परियोजनाहरुको सम्भाव्यता अध्ययन तथा विकासकर्ता छनौट गर्न, परियोजनाहरुको निर्माण, सञ्चालन तथा अन्य विषयहरुमा सहजीकरण प्रशासनिक एकाइको रुपमा एक सार्वजनिक निजी साझेदारी एकाइ रहने छ ।

(२) यस ऐनमा लेखिएका कुराहरुको अतिरिक्त सार्वजनिक निजी साझेदारी एकाइको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :-

(क) सार्वजनिक निजी साझेदारीसम्बन्धी नीतिगत विषयमा कार्यनीति, कार्यविधि तथा निर्देशिका मस्यौदा गरी समितिसमक्ष पेस गर्ने,

(ख) सार्वजनिक निजी साझेदारीमा परियोजना कार्यान्वयन गर्ने लगानीकर्तालाई आवश्यक राय, सुझाव वा परामर्श दिने तथा मार्गदर्शन गर्ने,

(ग) सार्वजनिक निजी साझेदारीसम्बन्धी आशयपत्र आहवान, पूर्व-योग्यता तथा प्रस्ताव आह्वानपत्र तथा परियोजना सम्झौताको मस्यौदा तयार गर्ने, जारी गर्ने तथा लागु गर्ने,

(घ) सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने स्वीकृत परियोजनाको परियोजना बैंक तयार गरी अद्यावधिक गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको सम्भाव्यता अध्ययन, परियोजना तयारी विषयका विवरणको मूल्याङ्कन गरी राय प्रतिक्रिया दिने,

(च) सार्वजनिक निजी साझेदारीमा सञ्चालित परियोजनाहरुको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक राय, प्रतिक्रिया तथा सुझाव दिने,

(छ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाहरुको साझेदार छनौट गर्ने प्रकिया तयार गरी समितिमा पेस गर्ने,

(ज) अन्तरर्राष्ट्रिय सार्वजनिक निजी साझेदारीका असल अभ्यास तथा

अनुभवहरुका सम्बन्धमा नियमित अनुसन्धान गर्ने तथा महानगरपालिकामा सार्वजनिक निजी साझेदारी ढाँचाको लागि उपयुक्त हुने विषयहरु अवलम्बन गर्ने,

(झ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने आयोजनाको तयारी तथा कार्यान्वयनमा लगानीकर्तालाई आवश्यक सहयोग गर्ने,

(ञ) सार्वजनिक निजी साझेदारी लगानीसम्बन्धी विषयहरुमा क्षमता विकासको लागि आवश्यक तालिम, गोष्ठी, सम्मेलन आदिको आयोजना गर्ने,

(ट) सार्वजनिक निजी साझेदारी परियोजनासँग सम्बन्धित सूचना सङ्कलन गरी अभिलेखीकरण गर्ने,

(ठ) समितिप्रति जवाफदेही भई कार्य गर्ने,

(ड) समितिले दिएको निर्देशनपालना गर्ने,

(ढ) मूल्याङ्कन समिति तथा कार्यदलहरुसँग समन्वय गरी कार्य गर्ने, सहजीकरण गर्ने,

(ण) सार्वजनिक निजी साझेदारीसम्बन्धी नीति, नियम, नमूना कागजातहरु, परियोजनाको विवरण, सार्वजनिक निजी साझेदारी परियोजनाको वस्तुस्थिति तथा विवरण तथा सूचनाहरुको सम्प्रेषक भई कार्य गर्ने,

(त) समितिको सचिवालयको रुपमा कार्य गर्ने,

(थ) समितिले तोकेबमोजिम अन्य कार्य गर्ने ।

(३) उपदफा (१) बमोजिमको एकाइमा आवश्यक कर्मचारी रहने छन् ।

## परिच्छेद-५
## निजी लगानीसम्बन्धी व्यवस्था

२३. **निजी लगानी** : (१) पाँच करोड रुपैयाँभन्दा बढी लागत अनुमान भएका परियोजनाहरुमा निजी क्षेत्रको लगानीबाट निर्माण, सञ्चालन र व्यवस्थापन गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिमका परियोजनाहरुको सर्वेक्षण, सहजीकरण तथा लगानीको स्वीकृति समितिबाट हुने छ ।

(३) उपदफा (१) बमोजिम निजी लगानीसम्बन्धी परियोजनाहरुको लागि तोकिएबमोजिमका आधारमा प्रस्तावको मूल्याङ्कन गरी अनुमति वा इजाजत प्रदान गरिने छ ।

२४. **परियोजना पहिचान** : (१) निजी लगानीमा कार्यान्वयन गर्न सकिने पाँच करोड रुपैयाँभन्दा माथिका परियोजनाहरु आवश्यकतानुसार बोर्ड, अन्य सम्वद्ध निकाय तथा निजीक्षेत्र समेतसँग समन्वय तथा सहकार्य गरी परियोजनाको सूची एकाइले तयार गरी समितिसमक्ष पेस गर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचीमा नपरेका परियोजनासँग सम्बन्धित प्रस्ताव स्वीकृतिका लागि समितिसमक्ष पेस गर्न कुनै बाधा पुगेको मानिने छैन ।

२५. **परियोजना स्वीकृत हुनुपर्ने** : दफा २४ बमोजिम एकाइले पहिचान गरी सिफारिस गरेको परियोजना कार्यान्वयनका लागि समितिबाट स्वीकृत हुनुपर्ने छ ।

२६. **समभ्रदारी गरी इजाजतपत्र प्रदान गर्ने** : दफा २५ बमोजिम प्रस्ताव स्वीकृत भएमा कार्यान्वयनका लागि तोकिएबमोजिमको सर्त र ढाँचामा समभ्रदारी गरी परियाजनाको अध्ययन अनुमतिपत्र प्रदान गरिनेछ ।

## परिच्छेद-६
## सम्झौतासम्बन्धी व्यवस्था

२७. **परियोजनाको विवरण पेस गर्नुपर्ने** : (१) दफा ३ बमोजिम सार्वजनिक निजी साझेदारीमा र दफा २२ बमोजिम निजी लगानीमा परियोजना कार्यान्वयन गर्न समभ्रदारी गरेकोमा त्यस्तो समभ्रदारीपत्रमा उल्लिखित

समयावधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन गर्न तोकिएबमोजिमका विवरणहरु समितिसमक्ष पेस गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरणपेस गर्न नसकेमा त्यसको आधार र कारण खुलाई थप अवधि माग गरी समितिसमक्ष निवेदन दिन सक्ने छ ।

(३) उपदफा २) बमोजिमको निवेदन उपर जाँचबुँझ गर्दा प्रस्तुत आधार र कारण मनासिब देखिएमा समितिले त्यस्तो विवरण पेस गर्न एकपटकको लागि थप समय दिन सक्ने छ ।

२८. **सम्झौता गर्नुपर्ने** : (१) दफा १६ र दफा २५ बमोजिम भएको समझदारीपत्र तथा दफा २६ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौताका सर्त लगायतका विषयमा वार्ता गर्न समितिल तोकिए बमोजिमको वार्ता समिति गठन गर्ने छ ।

(२) उपदफा (१) बमोजिम गठित वार्ता समितिले प्रस्तावकसँग आवश्यकतानुसार वार्ता गरी सम्झौतामा देहायका कुराहरु खुलाई सम्झौताको अन्तिम मस्यौदा तयार गर्नेछ :-

(क) परियोजनाको विवरण,

(ख) परियोजना सुरु र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत,

(घ) परियोजनामा गरिने लगानी र सोको ग्यारेन्टीसम्बन्धी व्यवस्था,

(ङ) अनुमतिपत्रको अवधि,

(च) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(छ) परियोजनाको प्राविधिक गुणस्तर तथा मापदण्ड,

(ज) परियोजना सञ्चालनसम्बन्धी विवरण,

(झ) परियाजनाको सञ्चालन वा हस्तान्तरणको सर्त,

(ञ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने महसुलसम्बन्धी व्यवस्था,

(ट) परियोजनाको बीमासम्बन्धी व्यवस्था,

(ठ) परियोजनामा जडित मेसिन तथा परियोजना हस्तान्तरणका बखत हुनुपर्ने अवस्था र गुणस्तर,

(ड) महानगरपालिकालाई बुझाउनुपर्ने शुल्क तथा रोयल्टी र भुक्तानी विधि,

(ढ) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौताबमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) परियोजनामा महानगरपालिकाको कुनै लगानी हुने भए त्यस्तो लगानी र सोबापत महानगरपालिकाले प्राप्त गर्ने प्रतिफल,

(त) जग्गा प्राप्तिसम्बन्धी व्यवस्था,

(थ) थप परियोजना अध्ययन तथा सञ्चालन गर्न दिने भए सोसम्बन्धी व्यवस्था,

(द) सब-लिज गर्न सक्ने भए सोसम्बन्धी सर्त तथा अन्य व्यवस्था,

(ध) परियोजना हस्तान्तरण गर्ने भएमा त्यस्तो निकाय,

(न) अन्य आवश्यक विषयहरु ।

(३) उपदफा (२) बमोजिम सम्झौताको लागि सहमति भएको दस्तावेजलाई समितिले स्वीकृति गरी प्रस्तावकसँग सम्झौता गर्ने/गराउने छ ।

(४) उपदफा (१) बमोजिमको वार्ता समितिको कार्यविधि सो समितिले निर्धारण गरेबमोजिम हुने छ ।

२९. **<u>सम्झौता कार्यान्वयन</u>** : (१) दफा २७ बमोजिम सम्पन्न भएको सम्झौता कार्यान्वयनको लागि सम्बद्ध निकायबाट सम्झौताको सर्तबमोजिम प्राप्त गर्नुपर्ने इजाजत, स्वीकृति लगायतका सम्पूर्ण दायित्व लगानीकर्ताले बहन गर्नुपर्ने छ ।

(२)उपदफा (१) बमोजिम सम्झौता कार्यान्वयन गर्दा सरोकारवाला सम्बद्ध निकायहरुसँग महानगरपालिकाले आवश्यकतानुसार समन्वय तथा सहजीकरण गर्नुपर्ने छ ।

(३) यस दफाबमोजिम सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा प्रस्तावकले सम्झौताका सर्तहरुको अधीनमा रही कार्ययोजना निर्माण गरी परियोजना कार्यान्वयन गर्नुपर्ने छ ।

३०. **सम्झौता रद्द गर्न सक्ने** : (१) दफा २७ बमोजिम गरिएको सम्झौतामा उल्लेखित सर्तहरुको पालना नगरेको अवस्थामा वा तोकिएको समयमा कार्यसम्पादन नगरेमा लगानीकर्तालाई यस ऐनबमोजिम प्रदान गरिएको अनुमतिपत्र/इजाजतपत्रसहित समितिले सम्झौता रद्द गर्न सक्ने छ ।

(२) उपदफा १) बमोजिम अनुमतिपत्र/इजाजतपत्र खारेज भएमा प्रस्तावकले सम्झौतामा उल्लेख भएको अवस्थामाबाहेक महानगरपालिकासँग कुनै किसिमको हानि नोक्सानीबापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम लगानीकर्तासँग भएको सम्झौता खारेज गर्दा सो सम्झौतामा उल्लेख गरिएका प्रक्रिया पूरा गर्नुपर्ने छ ।

## परिच्छेद-७
## सुविधा तथा प्रोत्साहनसम्बन्धी व्यवस्था

३१. **कानुनबमोजिमको सुविधा पाउने** : यस ऐनबमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐनबमोजिमको सुविधाको अतिरिक्त प्रचलित संघीय कानुन, प्रदेश कानुन र महानगरपालिकाको अन्य स्थानीय कानुनबमोजिम उद्योग वा कम्पनीले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट समेत प्राप्त गर्ने छ ।

३२. **महानगरपालिकाले थप सुविधा उपलब्ध गराउन सक्ने** : (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनबमोजिम प्राप्त हुने

सुविधाका अतिरिक्त महानगरपालिकाले थप आर्थिक सुविधा दिन नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकारसमक्ष सिफारिस गर्न सक्ने छ ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम उपलब्ध भएको सुविधा तोकिएको अवधिसम्मको लागि उपयोग गर्न बाधा पर्ने छैन ।

(३) यस दफाबमोजिम अनुमतिप्राप्त व्यक्तिले यस ऐनबमोजिम प्राप्त सुविधाको दुरूपयोग गरेमा त्यस्तो सुविधा समितिले रद्द गरी त्यस्ता सुविधा बराबरको रकम र सोमा शतप्रतिशत जरिवाना असुल उपर गर्न सक्ने छ ।

(४) उपदफा (३) बमोजिम सुविधा रद्द गर्नुअघि सम्बन्धित अनुमतिपत्रवालालाई सफाई पेस गर्ने मनासिब मौका दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको कोषबाट तोकिएबमोजिमको मापदण्डको आधारमा तोकिएबमोजिमको परियोजनाको लागि समितिको सिफारिस र बोर्डको सहमतिमा आवश्यक रकम पुँजीगत तथा सञ्चालन अनुदान वा ऋण उपलब्ध गराउन सक्ने छ ।

(३) उपदफा (१) बमोजिमको कोषमा नगर सभाले आवश्यक रकम विनियोजन गर्न सक्ने छ ।

(४) महानगरपालिकाको कार्यक्षेत्रभित्रको कुनै परियोजनामा सङ्घीय ऐनबमोजिम स्थापना भएको सम्भाव्यता न्यून-परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) बाट रकम प्रयोग गर्न आवश्यक भएमा समितिले निर्णय गरी बोर्डसमक्ष अनुरोध गर्नुपर्ने छ । बोर्डको सिफारिसमा नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति भएबमोजिम कोषको रकम प्रयोग हुने छ ।

(५) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

३४. **थप प्रोत्साहन सुविधा उपलब्ध गराउन सक्ने :** कुनै लगानीकर्ताले परियोजना विकास तथा सञ्चालन गर्दा सम्झौतामा उल्लेख भएको समयसीमा अगावै निर्माण कार्य सम्पन्न गरेमा वा परियोजनाको गुणस्तर उच्च भएमा वा

अत्याधुनिक प्रविधिको प्रयोग गरी महानगरपालिकालाई थप लाभ हुने देखिएमा त्यस्तो लगानीकर्तालाई महानगरपालिकाले तोकिएबमोजिम थप आर्थिक तथा गैरआर्थिक प्रोत्साहन प्रदान गर्न सक्ने छ ।

## परिच्छेद-८
## विविध

३५. **मूल्याङ्कन समिति गठन गर्नुपर्ने** : (१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानीसम्बन्धी परियोजनाहरुमा पेस हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी सिफारिस गर्न समितिले मूल्याङ्कन समिति गठन गर्नुपर्ने छ।

(२) उपदफा (१) को प्रयोजनका लागि गठन हुने मूल्याङ्कन समिति निम्न अनुसारको हुनेछ ।

१. महानगरपालिकाको सहरी पूर्वाधार महाशाखा प्रमुख -अध्यक्ष
२. महानगरपालिकाको आर्थिक प्रशासन महाशाखा प्रमुख -सदस्य
३. महानगरपालिकाको कानून अधिकृत -सदस्य
४. महानगरपालिकाको खरिद शाखाको अधिकृत स्तरको कर्मचारी-सदस्य

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कन समितिको सदस्य-सचिव एकाइको प्रमुख हुने छ ।

(४) उपदफा १) बमोजिमको मूल्याङ्कन समितिमा परियोजनासँग सम्बन्धित विषय विज्ञसमेतलाई बैठकमा आमन्त्रण गरी राय परामर्श सुझाव प्राप्त गर्न सकिने छ ।

(६) मूल्याङ्कन सम्बन्धी अन्य कुरा प्रचलित कानुन र मूल्याङकनका लागि तोकिएको आधारबमोजिम हुनेछ ।

३६. **सेवा सुविधाका सर्त तोक्न सक्ने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन, समितिले गरेका निर्णय, सङ्घीय कानुन, प्रदेश कानुन तथा सम्झौताको अधीनमा रही आवश्यक सर्त तोक्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम तोकिएका सर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

३७. **रोयल्टी बुझाउनुपर्ने :** अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौताबमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित सर्त अनुसार महानगरपालिकालाई बुझाउनुपर्ने छ ।

३८. **परियोजना हस्तान्तरण गर्नुपर्ने:** (१) सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन भएका परियोजना सम्झौतामा उल्लेख भएबमोजिम महानगरपालिकालाई हस्तान्तरण गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण, संरचना तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरु सम्झौतामा लेखिएबमोजिमको क्षमता, अवस्था र चालु हालतमा हुनुपर्ने छ ।

(३) परियोजना हस्तान्तरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

३९. **महानगरपालिकाको स्वामित्व हुने :** यस ऐनबमोजिम हस्तान्तरण भएको परियोजना र त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण, सफ्टवेयर र अन्य संरचना तथा परियोजनासँग सम्बन्धित भवन, घर जग्गा तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरुको स्वामित्व महानगरपालिकाको हुने छ ।

४०. **कारबाही गर्न सक्ने :** कुनै लगानीकर्ताले यस ऐनको व्यवस्थाको पालना नगरेमा समितिले तोकिएको प्रक्रिया पूरा गरी देहायको कुनै वा सबै कारबाही गर्न सक्ने छ :-

(क) निर्माण रोक्का गर्ने,

(ख) अनुमतिपत्र/इजाजत पत्र रद्द गर्ने,

(ग) अन्य यस्तै प्रकारका जुनसुकै कारबाही ।

४१. **महानगरपालिकाले कार्यान्वयन गर्न सक्ने :** प्रचलित सङ्घीय कानुनबमोजिम बोर्डबाट कार्यान्वयन गरिने कुनै परियोजना महानगरपालिकाबाट कार्यान्वयन गर्न उपयुक्तदेखि बोर्डको स्वीकृति प्राप्त भएमा त्यस्तो परियोजना महानगरपालिकाले कार्यान्वयन गर्न सक्ने छ ।

४२. **स्वीकृतिका लागि बोर्डमा पठाउनुपर्ने** : तोकिएको रुपैयाँ वा सोभन्दा बढी लागत अनुमान भएका परियोजनाको लगानी स्वीकृतिका लागि बोर्डमा पठाउनुपर्ने छ ।

४३. **समझदारी वा सम्झौताबाट कार्यान्वयन गर्न सकिने** : समितिले पहिचान गरी सूची स्वीकृत गरेको कुनै परियोजनामा आवश्यकतानुसार बोर्डसँग आपसी समझदारी वा सम्झौता गरी कार्यान्वयन गर्न सकिने छ ।

४४. **विदेशी लगानी सम्बन्धमा** : महानगरपालिकाको कार्यक्षेत्रमा परेका परियोजनामा हुने विदेशी लगानीसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ ।

४५. **सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने** : महानगरपालिकाको कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक निजी साझेदारी लगानी वा निजी लगानीबाट हुने परियोजनाको कार्यान्वयनका लागि समितिले आवश्यकतानुसार नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकारअन्तर्गतका सम्बन्धित निकायहरुसँग समन्वय गर्ने छ ।

४६. **अन्तर-सरकारी साझेदारी कार्यक्रम** : सार्वजनिक निजी साझेदारी तथा निजी लगानीबाट कायान्वयन हुर्न परियोजनाहरुमा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकारसँग उपादेयताको आधारमा साझेदारी गरी कार्यक्रम गर्न सकिने छ ।

४७. **राय परामर्श लिन सकिने** : महानगरपालिकाका कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक निजी साझेदारी वा निजी लगानीबाट हुने परियोजनाको कार्यान्वयनका लागि समितिले आवश्यकतानुसार बोर्ड, विषयविज्ञ, सल्लाहकारहरुसँगसमेत परामर्श लिन सक्ने छ ।

४८. **वार्षिक प्रतिवेदन** : (१) समितिको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र तयार गरी समितिमार्फत कार्यपालिकामा पेस गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नगर सभाबाट पारित गरी सार्वजनिक गरिने छ ।

(३) उपदफा १) बमोजिमको प्रतिवेदनमा अन्य कुराहरुको अतिरिक्त समितिले सो आर्थिक वर्षमा कार्यान्वयन गरेका परियोजना, परियोजना सञ्चालन गर्दा भएको खर्च र त्यसको उपलब्धि, स्वीकृत भएको लगानी रकम, परियोजना सङ्ख्या र सिकाई तथा भविष्यमा गर्नुपर्ने सुधारका विषयहरु समेत समावेश गर्नुपर्ने छ ।

४९. **अधिकार प्रत्यायोजन** : समितिल यस ऐनबमोजिम आफूलाई प्राप्त केही अधिकार अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५०. **क्षतिपूर्ति दिनुपर्ने**: (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानीबापतको मनासिब रकम हानि नोक्सानी गर्ने पक्षले नोक्सानी पर्ने पक्षलाई क्षतिपूर्तिबापत बुझाउनुपर्ने छ ।

(२) उपदफा (१) को प्रयोजनको लागि क्षतिको मूल्याङ्कन स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गरिने छ ।

(३) क्षतिको मूल्याङ्कन तथा क्षतिपूर्तिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

५१. **अनुदान तथा ऋण सहायता स्वीकार गर्ने** : (१) समितिले निर्धारण गरेका परियोजना विकास तथा कार्यान्वयनका लागि अर्थ मन्त्रालयको सहमति तथा समन्वयमा अनुदान तथा तोकिएबमोजिम ऋण सहायता स्वीकार गर्न सक्ने छ ।

५२. **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नुपर्ने** : अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको सिलसिलामा स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोगलाई प्राथमिकता दिनुपर्ने छ ।

५३. **कानुनी विवाद समाधान** : (१) विदेशी लगानीका सम्बन्धमा स्वदेशी र विदेशी लगानीकर्ता तथा महानगरपालिका र विदेशी लगानीकर्ताबीच कुनै विवाद उत्पन्न भएमा त्यस्ता लगानीकर्ताले आपसी छलफल वा वार्ताबाट त्यस्तो विवादको समाधान गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम विवाद उत्पन्न भएको पैंतालिस दिनभित्र त्यस्तो विवादको समाधान हुन नसकेमा त्यस्तो विवाद बोर्डको रोहबरमा सम्बन्धित पक्षहरुले आपसी वार्ताद्वारा समाधान गर्नुपर्ने छ ।

(३) विवाद उत्पन्न भएको पैंतालिस दिनभित्र उपदफा (१) वा (२) बमोजिमको प्रक्रियाबाट विवादको समाधान हुन नसकेमा र त्यस्तो विवादको समाधान गर्न विवादका पक्षहरुबीच संयुक्त लगानी वा विवाद समाधानसम्बन्धी सम्झौता भएकोमा त्यस्तो सम्झौताबमोजिम विवादको समाधान गरिने छ ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान भएको कुराको जानकारी पक्षहरुले त्यस्तो विवाद समाधान भएको पन्ध्र दिनभित्र बोर्डलाई दिनुपर्ने छ ।

(५) विवाद समाधानसम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुने छ ।

५४. **बाधा अडकाउ फुकाउने** : यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ देखा परेमा कार्यपालिकाले आदेश जारी गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्ने छ ।

५५. **यस ऐनबमोजिम हुने** : यस ऐनमा लेखिएको कुरामा यस एने बमोजिम र अन्य कुरामा प्रचलित कानुनबमोजिम हुने छ ।

५६. **नियम कार्यविधि तथा निर्देशिका बनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न महानगरपालिकाले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्ने छ ।

५७. **खारेजि र वचाउ :** (१) वीरगंज महानगरपालिका सार्वजनिक निजि साझेदारी सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन २०७५ खारेज गरिएको छ ।

(२) यस अघि वीरगंज महानगरपालिका सार्वजनिक निजि साझेदारी सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन २०७५बमोजिम भए गरेका काम यसै ऐन बमोजिम भएको मानिनेछ ।

पारित मिति : नगर सभा २०७८/०९/१५
प्रमाणिकरण मिति : २०७८/०९/२१
राजपत्रमा प्रकाशन मितिः २०७८/०९/३०

**आज्ञाले**
**निश्चल राज पाण्डे**
**वीरगंज महानगरपालिका**